# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७४।०७।२४ गते

## प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिईएको ।

---

आन्तरिक राजश्व बिभाग, कर दाता सेवा कार्यालय, पुतलीसडकमा कार्यरत नायब सुब्बा केशव स्थापित घर्तीमगरले, नियम अनुसार प्रकृया पुरा गरी फोटो स्टेसन नामक ब्यवसायको प्यान दर्ता खारेजीको लागि प्राप्त निवेदनमा, उक्त कार्यमा ढिलासुस्ती गरी, उक्त कार्य छिटो गरिदिने बहाना बनाई सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवम् निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टंगालबाट खटिइ गएको टोलीले निजलाई रु.६,०००/-(छ हजार) घुस/रिसवत लिदै गर्दाको अवस्थामा पुतलीसडकवाट मिति २०७४/०७/२४ गते नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता